# विचलनका आधारमा कठपुतली मन कथाको अध्ययन

**रामप्रसाद भुर्तेल**
**भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर**

***सार***

*प्रस्तुत आलेखमा नेपाली साहित्यका सुपरिचित कथाकार इन्द्रबहादुर राईको कठपुतली मन कथामा अभिव्यक्त भाषिक विचलनका सम्बन्धमा विश्लेषण गरिएको छ। साहित्यको परम्परामा महत्त्वपूर्ण मानिने भाषिक विचलन शैलीवैज्ञानिक आधारमा टेकेर प्रस्तुत कथाको निरूपण गरिएको छ। शैलीविज्ञानको सैद्धान्तिक मान्यताभित्र कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, पदक्रम विचलन, अर्थतात्विक विचलन प्रयुक्ति विचलन र लेखिम विचलन आदि पर्दछन् । कठपुतलीको मन कथा यिनै तात्त्विक विचलनलाई आधार बनाएर विश्लेषण गरिएको छ।*

**शब्दकुञ्जी**

मानक, कोशीय, अनुक्रमण, उल्लङ्घन, लेखिम ।

## १. विषय परिचय

नेपाली साहित्यमा छुट्टै पहिचान बनाएका इन्द्रबहादुर राई मूलतः सामाजिक यथार्थवादी हुँदै आयामिक लेखनतिर उन्मुख बन्दै लीलालेखनको प्रतिनिधित्व गर्ने कथाकार हुन् । उनका तीनवटा कथासंग्रहमा इन्द्रबहादुर राई विपना कतिपयमा सामाजिक यथार्थवादीको धरातलमा रहेर कथाहरू प्रस्तुत गरेका छन् भने कथास्था कथासङ्ग्रहमा आइपुग्दा उनी आयामिक लेखनतिर बढी भुकाव राखेका छन्। त्यसैगरी कठपुतलीको मन कथासङ्ग्रहमा आइपुग्दा उनी लीला लेखनका साथै विनिर्माणवादतिर अगाडि बढेका छन्। यही लेखनको प्रवृत्तिलाई पृथक पृथक मान्दै गर्दा उनको लेखन विशेषतालाई तीन चरणमा राखेर अध्ययन गरेको पाइन्छ। वि.सं. २०१६-२०१९ लाई प्रथम चरण मानिएको छ, जसको प्रतिनिधित्त्व विपना कतिपय कथासङ्ग्रहले गरेको छ। यसै गरी दोस्रो चरण २०२०-२०२८ साललाई मानिएको छ। यस चरणको प्रतिनिधित्त्व कथास्था कथासङ्ग्रहले गरेको छ भने उनको अन्तिम चरण भनेको २०२९ देखि वर्तमानसम्मको अवधिलाई मानिएको छ। यस चरणको प्रतिनिधित्त्व कठपुतलीको मन कथासङ्ग्रहले गरेको छ। यिनका तीनवटै चरणलाई सूक्ष्म विश्लेषण गर्ने हो भने प्रथम चरणमा यिनी सामाजिक यथार्थवादी रूपमा देखा परेका छन् । राईले यस चरणमा आधुनिक नेपाली कथाको आरम्भ गर्ने गुरुप्रसाद मैनालीका प्रवृत्तिहरूलाई समातेर कथा लेखेका छन् । कथागत मूल्य र मान्यता, प्रवृत्ति, विशेषता एवम् शैलीगत शिल्प चेतना मैनाली र राईका धेरै भिन्नता र पृथकता रहे पनि यस चरणको कथाकारिता प्रवृति यथार्थवादी दृष्टिकोण भने समानतानै देखिन्छ। यिनको विपना-कतिपय कथा सङ्ग्रमा सामाजिकताको प्रतिविम्ब पाइन्छ। समाजको सत्यनिष्ठ प्रस्तुतीकरण यस चरणका कथाहरूमा प्रशस्त रूपमा उल्लेख भएको देखिन्छ। राईको दोस्रो चरण आयामिक कथालेखन हो। आयामिक कथा र आयामिक चिन्तन मूलक समालोचकीय लेखहरूको सङ्गालो कथास्था (२०२८) मा आयामेली आन्दोलन विषयलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा उठान गरिएको छ। इन्द्रबहादुर राई, बैरागी काइँला र ईश्वर वल्लभको संयुक्त प्रयत्नबाट आरम्भ गरिएको यो आयमेली आन्दोलनको भूमि दार्जिलिङ्ग भए पनि पछिल्लो चरणमा यसले सम्पूर्ण नेपाली साहित्यको क्षेत्रमा नै नवीन हलचल ल्याइदिएकाले त्यतिखेरका कथाहरू केही प्रभावित बन्न पुगेका थिए।

इन्द्रबहादुर राईको दोस्रो चरणको विकसित रूप प्रष्ट रूपमा तेस्रो चरणमा देखा पर्दछ। लीला लेखनको आधारमा कथाहरू लेखिनु उनको कथाकारिताको विशेषता नै हो। प्रायः यस चरणमा लेखिएका कथाहरू अमूर्त, गौण आख्यान, बौद्धिक तथा जटिल किसिमका छन्। यस समय उनी विनिर्माणवादसँग पनि सम्बन्धित रहेको देखिन्छ। "यहाँ भ्रान्तिहरूको अभिनय छ, क्रीडा छ, लीला छ" (राई, रूपरेखा २०३४) भन्ने सैद्धान्तिक मान्यता नै राईको लीला लेखन हो र विनिर्माणवाद पनि हो। यथार्थ रूपमा कठपुतलीको मन कथा राईको लीला लेखन र विनिर्माणवाद हो अनि बौद्धिक परिपाक हो। फ्रान्सेली ज्याक डेरिडाद्वारा प्रतिपादन गरिएको विनिर्माणवादलाई आत्मसात् गरेर लेखिएको प्रस्तुत कथा आधुनिक नेपाली कथामा एक नौलो उपलब्धि हो। विनिर्माणलाई अघिका संरचनाको विनास नभएर त्यसको पुनर्सरचनाको रूपमा लिइन्छ। यस सिद्धान्तले विधामिश्रण माथि जोड दिन्छ। कृतिको अर्थ पाठकमा निर्भर रहने कुराको विचार राख्नु नै विनिर्माणवादको सैद्धान्तिक विशेषता हो।

यही प्रवृत्ति र विशेषताका आधारमा इन्द्रबहादुर राईले कठपुतलीको मन कथा लेखेका हुन्। इन्द्रबहादुर राईले यसलाई कथा भन्न रुचाएनन् बरु यस सन्दर्भमा उनको कथन यस प्रकार रहेको छ। कृति कथा छ, नाटक छ, औपन्यासिक छ, यसमा समालोचना छ, निबन्ध छ, कविता छ। यही आधारमा उक्त कठपुतलीको मनमा विविध विधाको मिश्रण गरी परालको आगोको विनिर्माण गरिएको छ। यसरी विभिन्न ठाउँका अलग अलग घटनाक्रममा श्रृङ्खलाहरूलाई एकीकृत गरी संयोजित गर्ने काम प्रस्तुत कथामा भएको छ।

## २. समस्या कथन

इन्द्रबहादुर राईद्वारा लेखिएको कठपुतलीको मन कथा परम्परागतदेखि पृथक रहेकाले लीला लेखनका कतिपय सैद्धान्तिक मूल्य मान्यतालाई आत्मसात् गरिएको पाइन्छ। तर कठपुतलीको मन कथा हालसम्म शैली वैज्ञानिकको एउटा पाटो विचलनका आधारमा विश्लेषण गर्ने काम भएको देखिदैन। यही समस्यामा केन्द्रित भएर उक्त कथाको विचलनका आधारमा केन्द्रित रहेर अध्ययन गरिएको छ।

क. कठपुतलीको मन कथाको विश्लेषण गर्ने आधार के हो ?

ख. कठपुतलीको मन कथामा के कस्ता विचलनहरू देखा पर्दछन् ?

## ३. लेखको उद्देश्य

प्रस्तुत लेखको उद्देश्य निम्नानुसार रहेको छ।

क. कठपुतलीको मन कथाको आयोजना विश्लेषणमा शैली विज्ञानलाई आधार बनाउनु।

ख. कठपुतलीको मन कथामा भाषिक विचलन, व्याकरणिक विचलन, अर्थतात्त्विक विचलन, लेखिम विचलन आदिका आधारमा विश्लेषण गर्न'।

कठपुतलीको मनमा विविध प्रसङ्गहरूको चरित्रको र वस्तुस्थितिको विनिर्माण गरिएको छ भने शैलीमा पनि परम्परागत भन्दा पृथक रहेर कथाको लेखन गरिएको छ।

## ४. अध्ययन विधि

कठपुतलीको मन कथा समालोचनात्मक पद्दतिमा आधारित लेख हो। विशेष गरी शैली विज्ञानमा रहेका विचलनलाई मूलकेन्द्र विन्दु मान्दै त्यसैको आधारमा विश्लेषण गर्ने काम भएको छ। शैली विज्ञानका

सम्बन्धमा केही विद्धान्हरूले आ-आफ्ना तर्क र परिभाषा समेत महत्त्वपूर्ण ठानी अन्य विधामा रहेका उपन्यास, कथा, नाटक आदिको विश्लेषण गरेका छन् । ती विद्वान्हरूले विभिन्न पत्रपत्रिकामा उल्लेख गरेका टीका टिप्पणी तथा लेख रचनाहरूलाई पूर्व अध्ययनका रूपमा उपयोग गरिएको छ र यस लेखलाई पूर्णता दिन सामग्री सङ्कलनको मुख्य आधार पुस्तकालयलाई बनाइएको छ ।

प्रस्तुत रचनाको लागि आवश्यक रूपमा उपलब्ध भएका सामग्रीहरूको मूल्याङ्कन विश्लेषण तथा विवेचना गरी शैली वैज्ञानिक अन्तर्गत विचलन सम्बन्धी सैद्धान्तिक मूल्य र मान्यताको परिधिमा रहेर तयार पारिएको हो । कुनै नयाँ सिद्धान्त प्रतिपादन गर्ने उद्देश्य यस लेखमा राखिएको छैन । बरु स्थापित सिद्धान्तका आधारमा लेख रचना तयार पारिएको हुँदा यस लेखमा निगमनात्मक विधि, पुस्तकालय विधि र प्रस्तुतिकरण विधिलाई आत्मसात् गरिएको छ ।

**५. कोशीय विचलन**

शब्दकोशमा समाहित वा समाविष्ट भएका शब्दलाई कोशीय शब्द भनिन्छ । भाषा विशेषमा प्रचलित अथवा शब्दकोशमा समाविष्ट शब्दभन्दा भिन्न शब्दको निर्माण र प्रयोगलाई कोशीय विचलन भनिन्छ । (लुइटेल, २०६२ : ६३) शब्दकोशमा प्रयोग गरिएका शब्दहरूले रचनाकारको साहित्यिक विधाको अभिव्यक्तिलाई ग्रहण गर्न असमर्थ रहेमा सर्जकले सुन्दरताका लागि नवीन शब्दहरूको निर्माण गर्दछ र परम्परागत रूपमा निर्मित भएका वा प्रचलित शब्दहरूको संरचनामा व्यतिक्रमण वा अतिक्रमण गरी निर्माण भएका शब्द रचना कोशीय शब्द रचना हुन् । कोशीय विचलनमा नयाँ नयाँ शब्दहरूको प्रतिपादन गरिन्छ । कोशीय विचलनलाई एउटा अराजक रूप पनि मानिन्छ किनभने यस किसिमका निर्मित शब्दहरूमा व्याकरणिक नियमहरूलाई उपेक्षा गरिन्छ । कुनै पनि भाषा संरचनाको आ-आफ्नै शब्दकोश रहेको हुन्छ । त्यस भाषा शब्दकोशमा परिस्थिति अनुसार आवश्यक शब्दको ठाउँमा नवीन शब्द रचनाको प्रयोग गर्ने चलन कहिलेकाहीँ देखाएको पाइन्छ । जुन शब्द कोशमा समावेश गरिएको हुँदैन र अर्थ पनि उक्त शब्दले ठीक दिन सकिरहेको नहुन सक्छ, तर पनि प्रयोग ल्याएर वाक्यको आशयलाई पूरा गरिन्छ त्यस्तो अवस्थाको शब्दलाई कोशीय विचलन भन्ने गरिन्छ । कथाकारले कथा लेख्ने क्रममा भावव्यक्तिका लागि कोशीय शब्दहरू अमिल्दो वा असमर्थ हुँदा ती मानक वा प्रचलित शब्दहरूमा परिवर्तन गरी त्यसलाई नयाँ स्वरूपबाट प्रयोग गर्दछन् । यसरी साहित्यिक कृतिमा नयाँ निर्मित शब्दको प्रयोग गर्दा शब्द कोशीय रूप अतिक्रमण हुन पुग्दछ र यसबाट शब्दको कोशीय विचलन हुन्छ । कथामा आउने यस्तो कोशीय विचलनले सार्थकता प्राप्त गर्दछ । कठपुतलीको मन कथामा कोशीय विचलनयुक्त शब्दको प्रशस्त प्रयोग भएको पाइन्छ र ती प्रायः उद्देश्यपूर्ण सार्थक पनि देखिन्छन् । कठपुतलीको मन कथामा पाइने कोशीय विचलनका केही दृष्टान्तहरू यस प्रकार छन् ।

(क) निद्रित- जागृत हिड्छन् कि उम्छन् । (पृ.४९)

(ख) पुट्ट छातीमा पुवाँलोको लर्को । (पृ.५१)

(ग) सुहाइलो लाग्ने सबै । (पृ.५५)

(घ) निकै मोटाइलो जीउको । (पृ.५६)

(ङ) एस्तो मोज त सतुरलाई पनि नहोस् क्यारे, ' भनिन् जुठेनीले । (पृ.५६)

(च) तपाईले लिनजानुमा मलाई त सामाजिक, पारिवारिक दाम्पत्तिक कारण हुन लाग्छ । (पृ.६३)

(छ) जानेको भए पञ्चेतको कुरा नै मान्ने थिइनँ । (पृ.७०)

(ज) पर्वतहरू माथिका उज्याला हिमशैलहरू चुपचाप गरिरहेका दिनभर । (पृ.७६)

उपर्युक्त उदाहरणमा आएका रेखाङ्कित शब्दहरू नेपाली भाषाको प्रचलन नआएका नौला शब्द हुन् । उम्छन्, पुँवालो, दाम्पत्तिक, सुहाइलो, मोटाइलो, सतुर यी शब्दलाई इन्द्रबहादुर राईले यस कथामा प्रयोग गरेका छन् ।

**६. व्याकरणिक विचलन**

व्याकरणिक भाषिक एकाइ, शब्दवर्ग, पदक्रम, आदरार्थी आदिमा देखा पर्ने विचलनलाई व्याकरणिक विचलन भनिन्छ। व्याकरणिक कोटि (लिङ्ग, वचन, पुरुष, काल, पक्ष, कारक, विभक्ति) भाषिक एकाइ (रूप, शब्द, पदसमूह, उपवाक्य, वाक्य आदि) शब्दवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया, अव्यय आदि) पदक्रम (कर्ता, कर्म, क्रिया) आदिमा देखा पर्ने विचलनलाई व्याकरणिक विचलन भनिन्छ। (लुइँटेल, २०६२ : ८४) व्याकरणात्मक कोटिलाई नयाँ बनाउने उद्देश्यले मानक रूपभन्दा भिन्नै तरिकाले प्रस्तुत गर्ने विधि व्याकरणिक विचलन हो। यो विभिन्न व्याकरणात्मक कोटिमा देखा पर्ने विचलन भाषाका संरचनाका नियमका विरोधका रूपमा देखा परेको हुन्छ। कर्ता, कर्म र क्रियाका साथसाथै उद्देश्य र विधेय बीचको श्रृङ्खलाबद्ध रखाइका रूपमा देखा पर्ने उल्लङ्घनलाई पनि व्याकरणात्मक विचलन अर्न्तगत राखेर अध्ययन गरिन्छ। व्याकरणिक विचलनलाई नियम भङ्गता वा क्रम भङ्गताको संज्ञाको रूपमा लिने गरिन्छ। संसारका प्रत्येक भाषामा वाक्य व्यवस्थाको आ-आफ्नै किसिमका नियम प्रस्तुत भएका हुन्छन् । साहित्यमा ती नियमहरूलाई कहिलेकाहीँ रचनाकारले अतिक्रमण गरी भाषिक संयोजकका रूपमा विशिष्ट प्रयोग गर्ने गरेको पाइन्छ। यस किसिमको अति क्रमणलाई व्याकरणिक विचलन भनिन्छ। व्याकरणात्मक धारा -लिङ्ग, वचन, पुरुष, काल, पक्ष, कारक, वाच्य आदिले व्यवस्थित अनुक्रमणमा हुने अनुक्रमण नै व्याकरणात्मक विचलन हो। प्रस्तुत कथा कठपुतलीको मन कथामा कथाकार इन्द्रबहादुर राइले व्याकरणिक नियमको उल्लङ्घन गरी व्याकरणिक विचलनयुक्त शब्दको प्रयोग प्रशस्त मात्रामा गरेको पाइन्छ। यस कथामा पाइने व्याकरणिक विचलनका केही दृष्टान्त यस प्रकार रहेका छन् ।

**वचनका आधारमा**

(क) खोलाहरू बगेको छ, मनभरि । (पृ.७५)

(ख) आगोहरू जलेको छ चेतभरि । (पृ.७५)

(ग) कहाँ जान्छन् तीहरू ? (पृ.७५)

(घ) थिएहरू थुप्रदै गएको शून्य । (पृ.७५)

माथि आएको उदाहरण क मा खोलाहरू बहुवचनको छ तर क्रियापद एक बचनको छ त्यस्तै गरी आगोहरू नामिक पदले बहुबचनको जनाएको छ भने जलेको छ क्रियापद एकवचनको रहेको छ। उदाहरण ग मा ती आफैँमा बहुबचन हो तर यहाँ सर्वनामसँग जोडिएको छ भने घ को उदाहरणमा थिएहरू शब्द प्रयोग गरिएको छ यसरी क्रियापद मा, हरू शब्द जोडेर व्याकरणिक विचलन ल्याइएको छ।

**७. ध्वनि प्रक्रियात्मक विचलन**

भाषा एकाइको उच्चारणका रूपमा देखा पर्ने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ। कुनै रचनाकार वा लेखकले वर्णविन्यासको मानक रूपलाई तलमाथि पार्ने र खज्मज्याउने काम गर्दछ त्यस्तो अवस्थामा ध्वनि तलमाथि हुन्छन् त्यही अवस्थालाई ध्वनि प्रक्रियात्मक विचलन भनिएको हो। ध्वनि

प्रक्रियात्मक विचलन भाषिकासँग मिल्न जान्छ। हरेक भाषाको आ-आफ्नै ध्वन्यात्मक प्रक्रिया रहेको हुन्छ। भाषाको निश्चित र व्यवस्थित उच्चारणमा नै यसको अर्थ पनि सार्थक हुने गर्दछ। भाषाका सबै वक्ताले ग्रहण गरेका सहज ध्वनि व्यवस्था नै त्यस भाषाको मानक ध्वनि व्यवस्था वा उच्चारण हो यसको खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा छुट्याउन सकिने अन्तरबाट ध्वनिप्रक्रियात्मक विचलन देखा पर्दछ। खास एकाइको उच्चारणमा पहिचान गर्न सकिने अन्तर जस्तैः प्रस्तुत (प्रस्तूत) सङ्गीत (शङ्गीत) (शर्मा, २०५९ः २१) प्रस्तुत कठपुतलीको मन कथामा पनि यस्ता विचलन शब्द रहेका छन्। ती उदाहरणहरूलाई निम्नानुसार देखाइएको छ।

(क) कथा कैल्यै नपत्याउनु। (पृ.४९)

(ख) देखेर भनिहालिन् : आयु ! लोग्ने मान्छेले पानी बोकेको कति नस्वाएको। (पृ.५५)

(ग) पोर दशैंमा जुठे दाइले एक चोटि तिमीलाई कसरी कुटुथे ख्वै त एकवचन फर्कायो ? (पृ.५६)

(घ) चाडवाडको दिन त मलाई नआवस् जस्तो लाग्थ्यो। (पृ.५६)

(ङ) जोइलाई पोइले मात्रै होइन जवान लाग्ने जसलाई जसले पनि कुट्न झम्टेको छि चामेका उधारा आँखाले। (पृ.५६)

(च) कस्तरी खुशी लागेको रहेछ मलाई भने। (पृ.५९)

**ध्वनि प्रक्रियात्मक तालिका**

| क्रमशः मानकध्वनि | विचलित ध्वनिक्रम | | विचलन प्रष्टीकरण |
|---|---|---|---|
| १. कहिल्यै | कैल्यै | (पृ.४९) | |
| क्+ अ+ ह्+ इ+ ल्+ य्+ अ+ इ | क् + अ+ इ+ ल् + य् + अ+ इ | | अ+इ ध्वनि लोप भएको |
| २. नसुहाएको | नस्वाएको | (पृ.५५) | |
| न्+अ+स्+उ+ह्+आ+ए+क्+ओ | न्+अ+स्+व्+आ+ए+क्+ओ | | स् +व+आ ध्वनि आगमन |
| ३. खोइ | ख्वै | (पृ.५६) | |
| ख् +ओ +इ | ख् +व् +अ +इ | | व्+ अ ध्वनि आगमन |
| ४. जवाफ | जबाब | (पृ.५६) | |
| ज्+अ+व्+आ् +फ् | ज्+अ+ब्+आ +ब् | | ब ध्वनिको आगमन |
| ५. नआओस् | नआवस् | (पृ.५६) | |
| न+अ+आ+ओ+स | न+आ+व्+अ+स् | | व्+ अ ध्वनि आगमन |
| ६. कसरी | कस्तरी | (पृ.५९) | |
| क्+अ+स् +अ+ र्+इ | क्+अ+स्+त्+अ+र्+इ | | स् +त्+अ ध्वनिको आगमन |

**८. पदक्रम विचलन**

व्याकरणिक विचलनका विभिन्न र बहुआयामिक स्वरूपहरू मध्ये पदक्रममा भएको विचलन शैलीगत विशिष्टताको दृष्टिकोणबाट निकै प्रभावकारी र उल्लेखनीय अवस्थामा रहेको पाइन्छ। पद विन्यासको प्रचलित अनुक्रम (कर्ता ॑ कर्म ॑ क्रियापदको अनुक्रम) लाई उल्लङ्घन गर्दै क्रमभङ्ग गर्न'लाई पदक्रम विचलन भनिन्छ। साहित्यिक रचनामा व्याकरणिक क्रमको विचलनले लयात्मक प्रभाव र अभिव्यक्तगत विशिष्टताको एउटा छुट्टै निजत्व निर्माण गरेको देखिन्छ। अभिव्यक्तिको कुनै खास पद, पदावलीलाई जोड दिनको लागि पनि वाक्यात्मक संरचनालाई भग्न रूपमा प्रस्तुत गर्ने प्रचलन रहेको पाइन्छ। अभिव्यक्तिको विशिष्ट अवस्थामा गरिएको पदक्रमको विचलनलाई व्याकरणिक अनुक्रममा रूपान्तरित गर्दा यसको शैलीगत सौन्दर्य सुरक्षित रहन सक्दैन। प्रायः साहित्यका सबै विधामा प्रयुक्त हुने पदक्रम विचलनको प्रयोग कठपुतलीको मन कथामा प्रशस्त पाउन सकिन्छ। पदक्रम विचलनका केही दृष्टान्तहरू यस प्रकारका रहेका छन्।

(क) सोधिन् उसलाई गौथलीले। (पृ.४९)

(ख) आइछ त्यो ! कस्तो तर्सिन्छु आवाजै सुन्दा यसको। (पृ.५३)

(ग) भन्नुभयो मलाई, न्यानो आत्मीयतासँग र रसिलो पनि। (पृ.५४)

(घ) दुम्सीलाई जस्तो धुवाँ लाइराखेर मरी......। (पृ.६१)

(ङ) तिमीहरूलाई मनाउन खोजेको किन तिमीहरूले। (पृ.६४)

(च) त्यो पनि आएछ निस्केर। (पृ.६६)

नेपाली व्याकरण अनुसार वाक्यको पदक्रममा कर्ता, कर्म र क्रिया र ती सँग सम्बद्ध विशेषण आदि पद अनि क्रमशः मिलेर आउनुपर्छ तर माथि प्रस्तुत गरिएका सबै उदाहरणमा सो अनुसारको पदक्रम व्यवस्था पाइदैन। कतै कर्म अगाडि, कतै क्रिया अगाडि, कतै कर्ता पछाडि, कतै क्रिया बीचमा आएको पाइन्छ।

उदाहरण (क) मा वाक्य त्यो पनि निस्केर आएछ हुनुपर्ने हो तर निस्केर शब्द अन्तिममा आएको हुनाले पदक्रम विचलन भएको छ। यसैगरी उदाहरण ख मा तिमीहरूले तिनीहरूलाई मनाउन खोजेको किन ? वाक्य हुनु पर्नेमा कर्तापद अन्तिममा आएर वाक्य विचलन भएको छ। उदहरण (ग) गौथलीले उसलाई सोधिन् मा कर्ता पद पछाडि आएर पदक्रम विचलन भएको छ। उदाहरण घ मा त्यो आइछ ! यसको आवाजै सुन्दा कस्तो तर्सिन्छु हुनुपर्ने हो तर क्रिया पद वा विशेषण शब्द सुरुमा नै आएर पदक्रम विचलन भएको छ। ङ मा पनि मलाई भन्नुभयो हुनपर्ने ठाउँमा क्रियापद अगाडि आई पदक्रममा क्रमभङ्गता देखिएको छ।

**९. अर्थतात्त्विक विचलन**

अर्थका दृष्टिले हुने विचलनलाई अर्थतात्त्विक विचलन भनिन्छ। कुनै पनि शब्द वा वाक्यको अभिधामूलक वा कोशीय अर्थ नै मानक हो तर शब्द वा वाक्यको अभिधामूलक अर्थ नआएर लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक आदि अनेक विशिष्ट अभिव्यञ्जित हुनुलाई अर्थ तात्त्विक विचलन भनिन्छ। तसर्थ साहित्यमा ध्वन्यात्मक र आलङ्कारिक अर्थको प्रतिपादनका लागि गरिने कोशीय अर्थको अतिक्रमण नै अर्थतात्त्विक हो समष्टिमा अर्थमा आउने विचलन नै अर्थ विचलन हो (नेपाल, २०४८ : २८) विचलनको

सबैभन्दा सार्थक उर्वरशक्ति र सौन्दर्यमूलक रूप भनेकै अर्थतात्त्विक विचलन हो । कुनै पनि शब्दले दिने अर्थका दृष्टिले चेतन र अचेतन मनले आफ्ना अभिव्यक्ति प्रस्तुत गर्दा आउने विचलनलाई अर्थतात्त्विक विचलन पनि भनिन्छ । संस्कृत साहित्यमा शब्दलाई तीन किसिमले वर्गीकरण गरिएको छ । अभिधाशक्ति, लक्षणाशक्ति, व्यञ्जनाशक्ति अर्थतात्त्विक विचलनमा अभिधाशक्तिको अर्थ गौण भई लक्षण वा व्यञ्जनाशक्तिको अर्थ मूलभूत रूपमा प्रकट हुने गर्दछ । कठपुतलीको मन कथामा पनि अर्थतात्त्विक विचलनको प्रयोग गरेर सौन्दर्यको प्रशस्त अन्वेषण गर्ने प्रयास गरिएको छ ।

(क) म मेरा पूर्वजाहरू कराउँछु । (पृ.५०)

(ख) प्रत्येक शब्द बेचिन्छ अनेक अर्थ । (पृ.५०)

(ग) गौथली आफ्नो पत्नित्व, स्वत्व, अस्तित्व सङ्कटमा भएकी भइन अब ...। (पृ.५२)

(घ) कुरा बढ्दै कुन दिन मट्टितेल खन्याएर मान्छेको आगो सल्काउनु बेर छैन । (पृ.५४)

(ङ) स्वास्नी जैरी ? जैरै-काखमुनि उम्रने रौँ । (पृ.५७)

(च) साँझ पहेंलपुर बढिसकेछ । (पृ.७३)

**१०. भाषिक विचलन**

साहित्यिक अभिव्यक्तिको लेखनमा सामान्यतया भाषाको मानक रूपको प्रयोग गरिन्छ र यो सिर्जनात्मक लेखनको विशेषता पनि हो । मानक र स्तरीय भाषिकाका बीच बीचमा अन्य भाषिकागत विशेषताको प्रयोग गर्न' भाषिका विचलन हो (ढुङ्गेल र दाहाल २०५८ :१३९) सामान्यतया सिर्जनात्मक लेखनमा कुनै खास प्रयोजनका लागि कुनै खास भाषिकाको विशेषताहरूको उपयोग गरिएको छ भने त्यसबाट हुन गएको भाषाको मानक रूपको अतिक्रमणलाई भाषिका विचलन भनिन्छ । मानक भाषिक संरचनाको रूपमा स्वीकार गरिएको भाषिकाको ठाउँमा कुनै अर्को मानकरहित भाषाको प्रयोग गरिने पद्दति नै भाषिक विचलन हो । कुनै पनि साहित्यिक रचनामा भाषाको मानक रूपको प्रयोग नगरेर कुनै एउटा भाषिका विशेषका शब्दलाई प्राथमिकताका साथ अगाडि ल्याएर नयाँपन दिने प्रयास भयो भने त्यो भाषिक विचलन हुन्छ । मानकका रूपमा प्रयोग भई आएका अन्य शब्दलाई अन्य भाषिका माध्यमबाट अभिव्यक्त हुँदा त्यहाँ भाषिक विचलनको अवस्था आउँछ । साहित्यका विविध विधाहरू मध्ये कथा पनि सिर्जनात्मक लेखन भएकाले यसमा पनि भाषाको मानक रूपकै प्रयोग हुन्छ तापनि कतिपय सन्दर्भमा कथाकारले विभिन्न प्रयोजनका लागि मानक भन्दा भिन्न भाषिका रूपको प्रयोग गरेको हुन्छ । भाषिकागत विचलन प्रायः निश्चित प्रयोजनका लागि गरिएको हुन्छ । सामाजिक वा क्षेत्रीय भाषिकाका कतिपय अभिलक्षणहरूको प्रयोग गरी भाषाको मानक रूपलाई विचलन पैदा गराउनुलाई भाषिकागत विचलन भनिन्छ । (लुइटेंल, २०६२ :६३) कठपुतलीको मन कथामा भाषिक विचलनको प्रयोग यस प्रकार रहेको देखिन्छ ।

(क) चमेली फूलदान थियो । (पृ.४९)

(ख) हाम्रो सम्धीसाहब फस्ट क्लास कन्ट्रयाक्टर हुनुहुन्छ । (पृ.५८)

(ग) पास भएर त्यसको साथीहरू सब कलेज गयो । (पृ.६५)

(घ) तिमीले चैं एउटा नोकरी सम्म पाउनुसकेको थिएनौं । (पृ.६५)

(ङ) नानीहरू दुबै तयार जस्तै थियो । (पृ.६६)

माथिको उदाहरण क मा चमेली फूलदान थिई हुनुपर्ने ठाउँमा "थियो" शब्दको प्रयोग गरिएको छ भने उदाहरण ख मा त्यसका साथीहरू सबै कलेज गए हुनुपर्ने त्यसको साथीहरू सब कलेज गयो वाक्यको प्रयोग गरिएको छ। त्यसै गरी हाम्रा सम्धी भन्नु पर्ने ठाउँमा हाम्रो सम्धी पदावलीको प्रयोग छ। उदाहरण घ थिएनौ मात्रहुनुपर्ने ठाउँमा थिएनौं भएको छ। उदाहरण ङ मा नानी दुबै तयार जस्तै थिए भन्नु पर्ने ठाउँमा थियो भन्ने शब्द प्रयोग भएको छ। कथाकार पनि दार्जिलिङकै भएकाले त्यहाँको कथ्य भाषा कथामा प्रयोग गर्दा यस्तो भाषिकागत विचलन भएको देखिन्छ।

११. **प्रयुक्ति विचलन**

कुनै एउटा परिस्थिति तथा सन्दर्भ अनुरूपको भाषिकालाई अर्को परिस्थिति अवस्था वा सन्दर्भमा प्रयोग गरिने विधिलाई प्रयुक्ति विचलन भनिन्छ। कुनै एक अवस्थाको भाषिक संरचनामा प्रयोग हुने शब्दको सन्दर्भ अनुकूल नभएको हुन सक्छ, जसले अर्को अवस्थाको भाषिक स्वरूपमा प्रत्यक्ष रूपमा विचलनको अवस्था आउँछ भने त्यो प्रयुक्ति विचलन हो। प्रस्तुत कथामा इन्द्रबहादुर राईले नेपाली भाषाको उल्लङ्घन वा अतिक्रमण गरेका छन् तर उनले गरेका सबै उल्लङ्घनलाई विचलन भन्न मिल्दैन। मानक भाषामाथि सार्थक अतिक्रमण भएकोलाई विचलन भनिन्छ भने निरर्थक अतिक्रणलाई भाषिक त्रुटिका रूपमा लिइन्छ। वास्तवमा प्रयुक्ति विचलन भनेको एक प्रसङ्ग वा परिस्थितिमा प्रयोग गरिने शब्द वा भाषा अर्को प्रसङ्गमा प्रयोग गर्ने कार्यलाई प्रयुक्ति विचलन भनिन्छ। यस कथामा प्रयुक्ति विचलनलाई शैली वैज्ञानिक अनुसार वाक्यस्तरमा हेरिएको छ।

(क) दुइ हात दले, सेक्रेटरी साहबले। (पृ.५८)

(ख) केस किन कन्टेष्ट गरी बसेको। डिबोर्स दिइहाल्नू। भने दिक्कै जस्तो मानेर। (पृ.५८)

(ग) छुट्टी पाउने आशा बढेको लाग्यो। बताएँ एडभोकेट एस.प्रधान। (पृ.५८)

(घ) हाम्रो सम्धी साहब फष्ट क्लास कन्ट्रयाक्टर हुनुहुन्छ। (पृ.५८)

(ङ) टेप छ हामीसँग। (पृ.६१)

(च) ब्रिफकेसदेखि क्यासेट प्लेअर झिक्छन्। (पृ.६१)

(छ) अदालतको डेक जस्तो। (पृ.६१)

एउटै कथनमा भिन्न भिन्न भाषिक क्षेत्रमा प्रयोग हुने शब्दहरू प्रयोग भएको देखिए त्यसलाई प्रयुक्ति विचलन भनिन्छ।

माथिको उदाहरण क देखि छ सम्म रेखाङ्कित गरिएका पदहरू भिन्न भिन्न भाषिक क्षेत्रका हुन्। यहाँ कन्टेष्ट प्रतिस्पर्धा निम्ति आएको छ भने एडभोकेट अदालत कानुनको रूपमा आउने शब्द हुन् भने डिबोर्स छुट्टिनुको रूपमा प्रयोग आउने शब्द हो त्यस्तै गरी क्यासेट प्लेअर मनोरञ्जनको साधनको सामग्री हो।

१२. **लेखिम विचलन**

लिपिको परम्परित लेखन पद्धतिलाई अतिक्रमण गरी लेखिनुलाई लेखिम विचलन भनिन्छ। लेखन प्रक्रियामा विचलन गरी कथाकारले कथा रचना गर्छ भने त्यो लेखिम विचलन प्रक्रिया हो। कुनै पनि भाषाको लेखन प्रक्रियाको एउटा निश्चित व्यवस्था हुन्छ। त्यो व्यवस्थामा अतिक्रमण गरी शब्दको लेखाइको क्रममा

Received : October 2020  Accepted : December 2020

देखिने विचलन नै यस प्रकारको विचलन हो। प्रस्तुत कथा कठपुतलीको मन कथामा लेखिम विचलनको प्रयोग पाउन सकिन्छ। कथाकार राईले शब्द लोप र वाक्य लोप गरेर यस प्रकारको विचलन गरेका छन्। शब्द लोपका लागि (...) तीन वटा थोप्ला र वाक्य लोपका लागि (.......) छ वटा थोप्लाको प्रयोगले साङ्केतिक अभिव्यक्ति दिएको पाइन्छ। यस्तो प्रयोग उनका कथामा प्रशस्तै पाउन सकिन्छ। लेखिम विचलनका केही उदाहरण यस प्रकारका छन्

(क) भन्यो जे भन्नुपरेको थियो र भन्यो मात्र ...। (पृ.५१)

(ख) तमास धूवाँको त्यै दैलोभित्र पस्न लागेकी थिइन् ... दैलो चुइँकदा ...। (पृ.५१)

(ग) गौथली काखीमा गाग्रो च्यापेर आइपुगी ...। (पृ.५१)

(घ) ...... मान्नेछिन् फर्किन म सम्झाउनेछु। मान्छिन्। भोलि नै भेट्छु।
स्कूल जान्छु ......। (पृ.५८)

(ङ) ...... नरिसाऊँ ? (पृ.६२)

(च) विस्मय लाग्दो महानलाग्दो ...... घट्दो, छरिदो, हराउँदो, भुलिँदो ...... विदा! (पृ.७६)

माथिको उदाहरण क देखि च सम्ममा अरु पनि केही कुराहरू छन् भन्ने प्रतीत हुन्छ।

## १३. **निष्कर्ष**

प्रस्तुत कठपुतलीको मन (२०४६) कथा इन्द्रबहादुर राईद्धारा लेखिएको हो। विनिर्माणवादी धाराका रूपमा देखा परेको उक्त कथा पूर्ण रूपले विनिर्माणवादी शैली र शिल्पमा रचना गरिएको छ। इन्द्रबहादुर राईले कृतिमा लेख्छन् - कृति कथा छ नाटक छ, औपन्यासिक छ, यसमा समालोचनाहरू छ, निबन्ध छ, कविता छ। विधाको विनिर्माण र यसलाई कृति भनेको कृति लेखन (राई, १९८९, पृ.७८) माथिको आशय अनुसार कठपुतलीको मन सामान्य व्यक्तिहरूलाई कथा जस्तो पनि लाग्दैन तर बौद्धिक बुद्धिजीवीका लागि यो कुनै साहित्यिक विधाको गहन अध्ययन हो भन्ने कुरा पुष्टि हुन्छ। कठपुतलीको मन कथामा पात्रहरूको विनिर्माणमा व्याप्ति आएको पाइन्छ। कठपुतलीको मन कथालाई शैली विज्ञान अन्तर्गत विचलनका माध्यमबाट चिरफार गरिएको छ। शैलीविज्ञानले साहित्यिक कृतिको भाषिक पक्षको अध्ययन गर्ने भएको हुनाले विचलनमा देखा पर्ने विभिन्न तत्त्वहरूका आधारमा यसलाई निरूपण गरिएको छ। हुन त कठपुतलीको मन कथालाई समग्र रूपमा विश्लेषण गर्दा कथावस्तुको वस्तुता, चरित्रको आवर्त कालीन प्रस्तुति, चित्रात्मकता, अनिश्चितता जस्ता तात्त्विक रूपमा विवेचना गर्ने परम्परा पनि रहेको छ तर कथाको समग्र पक्षलाई यहाँ प्रस्तुत नगरेर शैली विज्ञानका भाषिकतत्त्वका रूपमा रहेका विचलनलाई मूलभूत आधारशीला बनाइएको छ। इन्द्रबहादुर राईले आफ्ना कतिपय कथासङ्ग्रहमा विचलनयुक्त भाषाको प्रयोग गरेका छन्। मानक भाषाको व्यक्तिक्रमण वा अतिक्रमण गरी कुनै नयाँ शब्द प्रतिपादन गर्न' विचलन हो। विचलनले भाषालाई तोडमोड त गर्छ नै तर त्यसमा त्यति नै सुन्दरता थपिदिन्छ। कठपुतलीको मन कथामा विचलनका पृथक रूप देखा पर्दछन्। कोशीय विचलन, व्याकरणिक विचलन ध्वनि प्रक्रियात्मक विचलन, अर्थतात्विक विचलन, भाषिक विचलन, लेख्य प्रक्रियात्मक विचलन, प्रयुक्ति विचलन जस्ता आधारभूत मूल्य र मानयतामा कठपुतलीको मन कथालाई निरूपण गरिएको छ। हुन त यी विचलनहरू लीला लेखनको अंश हो, उत्तर आधुनिकतावादको विशेषता हो। मानक भाषाको परिवर्तित रूप हो। कठपुतलीको मन कथा परम्परादेखि भिन्न छ। उत्तरआधुनिकतावादसँग घनिष्ट सम्बन्ध छ।

संसारका कुनै पनि भाषाका आफ्नै निश्चित मापदण्ड र नियम हुन्छन् । संसारमा प्रयोग गरिने भाषाको आफ्नो ध्वनि, शब्द, व्याकरणिक व्यवस्था हुन्छ । भाषाको ध्वनि, शब्द रूप र व्याकरण व्यवस्थामा बाँधिएको स्वरूपलाई मानक वा प्रचलित रूप मानिन्छ । उपन्यासकार, कथाकार वा नाटककारले सिर्जना गर्ने क्रममा कुनै विशिष्ट अभिव्यक्तिका लागि भाषाको मानक रूपले अतिक्रमण गर्दा साहित्यिक संरचनामा विचलन आउने गर्दछ । भाषाका मानक प्रयोगको उल्लङ्घन, अतिक्रमण वा व्यक्तिक्रमलाई विचलन भनिन्छ । निरर्थक होइन, सार्थक विचलन अग्रभूमिको निर्माण र शैलीको निष्पादन गर्छ (शर्मा, २०५३ : १७३) । कुनै पनि मानक भाषाको आधारमा भाषिक अभिव्यक्ति गरिन्छ । साहित्यिक रचना अभिव्यक्तिका लागि पनि मानक भाषाको व्यवस्था गरिएको हुन्छ । यही मानक व्यवस्थाको आधारमा साहित्य सिर्जना गरिन्छ । यही साहित्यिक भाषिकका क्रममा साहित्यकारले विशेष अभिव्यक्ति निर्माणको लागि रचनाकारले रुढ र परम्परागत रूपमा चलनचल्तीमा आएका साहित्यिक मूल्य मान्यताहरूलाई अतिक्रमण गर्दछ । यही साहित्यिक भाषाको व्यतिक्रम वा अतिक्रमणलाई विचलन भनिन्छ । भाषाका धेरै एकाइहरूमा विचलन विविध किसिमले हुन सक्छ । वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य र सङ्कथनका स्तरमा विचलन प्रतिविम्वित हुन सक्छ (अधिकारी, २०५६ : २७६) यस किसिमका प्रयोग भई आउने विचलनले व्याकरणमा मात्र नभएर शब्द भण्डार एवम् अर्थको तहका साथै सम्पूर्ण भाषिक अभिव्यक्तिको शैलीलाई असर गरेको हुन्छ । भाषा व्यक्त गर्ने क्रममा विचलनले भाषाको संरचनालाई खलबल्याई दिन सक्दछ । भाषाको नवीन संरचना बनाउँदा वा साहित्यिक अभिव्यक्ति सिर्जना गर्ने क्रममा भाव जस्ताको त्यस्तै रहेको हुन्छ । यस कथामा कोशीय विचलन, व्याकरणिक विचलन आर्थी विचलन, भाषिकागत विचलन, प्रयुक्ति विचलन र लेखिम विचलनको प्रयोग देखिन्छ ।

**सन्दर्भ सामग्री**


अधिकारी, हेमाङ्गराज (२०५६). सामाजिक र प्रायोगिक भाषा विज्ञान, तेस्रो संस्करण, काठमाडौं, रत्नपुस्तक भण्डार ।

कोइराला, कुमारप्रसाद (२०५७), इन्द्रबहादुर राईको कथाकारिता “गरिमा वर्ष १८ अङ्क १२, पृ. ३८-५८ ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५८). प्रायोगिक भाषा विज्ञान, काठमाडौं एम के पब्लिसर्स एण्ड डिस्टिव्युटर्स भण्डार ।

नेपाल, घनश्याम (१९९२). शैलीविज्ञान, गान्तोका आँकुरा प्रकाशन ।

प्रसाईं, गणेशबहादुर (२०४७). “कठपुतलीको मनः मात्र प्रतिक्रिया” . समकालीन साहित्य, वर्ष १ अङ्क १, माघ-चैत्र पृ. ९२-९५ ।

राई, इन्द्रबहादुर (इ. १९८९) कठपुतलीको मन, कलकत्ता, श्रीमती इन्द्रप्रधान ।

राई, इन्द्रबहादुर “भ्रान्तिहरू र लीला लेखन मात्र रूपरेखा वर्ष १८ अङ्क ८ २०३८ पुस पृ.९५-१०१ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२) कविताको संरचनात्मक, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज, (२०५९) शैली विज्ञान, दोस्रो संस्करण, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुन्दास लक्वीदेवी (२०४६). “लीला लेखनका नवप्रयोगवादी कृतिः कठपुतलीको मन ।” गरिमा . वर्ष ८ अङ्क २, माघ पृ. १०-१६ ।